JOIN IELTS CLASSES
MORNING | DAY | EVENING
APPLY TO STUDY IN AUSTRALIA & NEW ZEALAND
BEACON Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत २२ गते आइतबार ❑ 4 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रधानमन्त्रीद्वारा एकैपटक १६५ सडक शिलान्यास

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ चैत**

प्रधानमन्त्री केपी शर्मा ओलीले शनिबार एकैपटक १६५ सडकको शिलान्यास गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको विशेष समारोह भर्चुअलमाध्यमबाट उनले हरेक निर्वाचन क्षेत्रमा एक वटा सडक हुने गरी १६५ सडकको शिलान्यास गरेका हुन् । रु ५७ अर्ब १० करोडको लागतमा तीन वर्षमा निर्माण गर्ने गरी ती सडक सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

एक सय ६५ निर्वाचन क्षेत्रमा एक/एक वटा सडकका दरले शिलान्यास गरिएको हो । प्रधानमन्त्री ओलीले सम्बन्धित मन्त्रालय, विभाग र सरोकारवालालाई शिलान्यास गरेका सडकका काम ढिला नगर्नसमेत आग्रह गरे ।

उनले आफू प्रधानमन्त्री भएदेखि अहिलेसम्म कालोपत्र सडक निर्माण र स्तरोन्नति सडक तीन हजार ५१२ किलोमिटर भएको जानकारी दिए । उनका अनुसार ६२८ वटा सडक पुल (झोलुङ्गे) पुलबाहेक निर्माण भएका छन् । कार्यक्रममा यातायात तथा भौतिक पूर्वाधारमन्त्री वसन्त नेम्बाङले तीन वर्षमा तीन हजार ५१२ किलोमिटर छ लेनका सडक निर्माण भइरहेको जानकारी दिए । यस्तै तीन हजार ३०० किलोमिटर ग्राभेल सडक, एक हजार ६८६ किलोमिटर नयाँ ट्र्याकका सडक पनि निर्माणका क्रममा रहेको उनले जानकारी गराए ।

उनले पूर्वपश्चिम राजमार्गलाई चारदेखि छ लेनसम्म विस्तार गर्न थालिएको बताए । उनका अनुसार प्रतिदिन ६.५ किलोमिटर बाटो निर्माण सङ्घीय सरकारले गरिरहेको छ । समारोहमा सरकारका मन्त्री, प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सदस्यको समेत उपस्थिति रहेको थियो ।

## काँग्रेसले नेतृत्व लिन तयार छ : महामन्त्री कोइराला

**रासस**
**काठमाडौं, २१ चैत**

नेपाली कांग्रेसका महामन्त्री डा शशांक कोइरालाले मुलुकको विद्यमान राजनीतिक समस्या समाधान गर्न र आवश्यक परे सरकारको नेतृत्व लिन पनि नेपाली कांग्रेस तयार रहेको बताएका छन् ।

गाईघाटस्थित लोकतान्त्रिक चौकमा शनिबार आयोजित नेपाल राष्ट्रिय मगर सङ्घ प्रदेश नं १ को भेलामा उनले भने, " नेकपा एमाले र माओवादी केन्द्र फुटेर झगडामा लागेपछि अहिले देशमा राजनीतिक सङ्कटसँगै सरकार पनि सङ्कटमा परेको छ ।" महामन्त्री कोइरालाले अहिले देशको तत्कालीन अवस्थाको राजनीतिक समस्या समाधान गर्न र देशलाई सङ्कटबाट बचाउनका लागि आवश्यक परे नेपाली कांग्रेसले सरकारको नेतृत्व गर्न तयार रहेको उल्लेख गर्दै कांग्रेसले मात्र देशलाई सही निकास दिन सक्ने दाबी गरे । "पाँच वर्षका लागि कम्युनिष्टलाई जनताले मतदान गरेर बहुमत दिई सत्तामा पुऱ्याएका कारण कांग्रेसले प्रतिपक्षको मात्र धर्म निर्वाह गर्दै आएको छ तर अहिले देशको अवस्था झनै जटिल बन्दै गएकाले कांग्रेस सरकारको नेतृत्व लिन तयार रहेको छ", उनले भने ।

महामन्त्री कोइरालाले कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा अबको सरकार बन्न सक्ने र देशलाई निकाश दिएर आवश्यक परे ताजा जनादेशमा गई राजनीतिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेपालखनाल समूहले सङ्गठन सुदृढीकरण अभियान चलाउने

**रासस**
**काठमाडौं, २१ चैत**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को नेपालखनाल समूहको अबको दुई महिना सङ्गठन निर्माण र पार्टी सुदृढीकरण अभियान सञ्चालन गर्ने निर्णय गरेको छ ।

काठमाडौँमा शुक्रबरा बसेको उक्त समूहको स्थायी कमिटी बैठकले पार्टी अध्यक्ष केपी शर्मा ओलीले माथिल्लो तहमा एक खालको कारवाही र तल तहमा अर्को खालको कारवाही गर्ने काम गरेकाले उक्त अभियानका क्रममा त्यसको विरोध गर्ने र वडातहसम्मै जनवर्गीय सङ्गठन तथा पार्टीको सङ्गठन निर्माण गर्ने निर्णय गरेको स्थायी कमिटी सदस्य रघुजी पन्तले जानकारी दिए । "जिल्ला अधिवेशनबाट निर्वाचित कमिटीलाई वास्ता नगरी भटाभट जिल्ला कमिटी बनाएको छ, यो त कमिटीमाथि कारवाही गरिएको भयो", पन्तले भने, "माथि एक प्रकारको कारवाही र तल अर्को खालको कारवाही गरिएको छ ।" उनले थपे, "पार्टी नफुटेको बेलाको वैध कमिटीलाई कारवाही गरेमा विरोध गर्ने र जनसङ्गठन र पार्टीको पनि वडातहसम्मै सङ्गठन बनाउने भन्ने भएको छ ।" बैठकले केही दिन अघि भएको राष्ट्रिय भेलाको प्रतिवेदन र त्यसमाथि आएको सुझावलाई समेटेर पुस्तक प्रकाशन गर्दै त्यसलाई तल्लो तहसम्म पुऱ्याउने निर्णय पनि गरेको छ । विसं २०७५ जेठ २ गते अघिको पार्टी कमिटीलाई पुनर्गठन गर्दै प्रशिक्षण कार्यक्रमसमेत सञ्चालन गने निर्णय भएको जनाइएको छ । जेठ २ लाई आधार मानेर पार्टी एकतामा फर्किन अध्यक्षलाई आग्रह गरिएको जनाइएको छ ।

अभियानका क्रममा केन्द्रीय सदस्यलाई जिल्ला जिल्लामा खटाउने, प्रचारात्मक र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा स्थापना दिवस, मनामोहन अधिकारी स्मृति दिवस र मदनआश्रित स्मृति दिवस भव्यरूपमा मनाउने निर्णय पनि गरेको छ । यसअघि नेकपा एमालेले पार्टीका नेताहरू माधवकुमार नेपाल, भीम रावल, घनश्याम भूषाल र सुरेन्द्र पाण्डेलाई छ महिनाका लागि निलम्बन गरिसकेको छ ।

## रणनीतिक सडक सञ्जाल शुभारम्भपछि स्थानीयवासी खुशी

**पोखरापत्र संवाददाता**
**दमौली, २१ चैत**

प्रधानमन्त्री केपी शर्मा ओलीले देशभर निर्माण हुने १६५ वटा सडक सञ्जालको शुभारम्भ गर्दा तनहुँमा दुईवटा रणनीतिक सडक आयोजना छनोट भएको छ । तनहुँका दुई रणनीतिक सडक योजना छनोट भएसँगै यहाँका स्थानीयवासीले खुशी व्यक्त गरेका छन् ।

तनहुँ निर्वाचन क्षेत्र नं १ अन्तर्गत मादी मर्स्याङ्दी र तनहुँ क्षेत्र नं २ अन्तर्गत गाईघाट गल्याङ सडकखण्ड छनोट भएको छ । दुई निर्वाचन क्षेत्र रहेको तनहुँमा छनोट भएका दुई रणनीतिक सडक आयोजनाका लागि रु ४०/४० करोड बजेट विनियोजन हुने भएको छ । व्यास नगरपालिका-९ गजौडेका विजय आचार्यले मादी मर्स्याङ्दी मार्गलाई निर्वाचन क्षेत्र रणनीतिक योजनामा छनोट गरिएपछि खुशी व्यक्त गर्नुभएको छ । "वर्षौंदेखिको हाम्रो सपना वर्तमान सरकारले पूरा गर्ने भएको छ, अब कामले पनि गति लिन अपेक्षा लिएका छौँ", उनले भने । व्यास र भानु नगरपालिकाको सीमाबाट शुरु हुने उक्त मार्ग गोरखाको पालुङटारसम्म जोडिनेछ । कूल ३२ किमी दूरीको उक्त सडकको १२ किमी दूरी कालोपत्र सम्पन्न भइसकेको छ । तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठले उक्त सडक कालोपत्रपछि यस क्षेत्रका स्थानीयवासीको जीवनयापनमा सहजता आउने बताए । यसैगरी तनहुँ क्षेत्र नं २ अन्तर्गत तनहुँको गाईघाटबाट गल्याङसम्म जोड्ने सडक योजना छनोट गरिएको छ । तनहुँको देवघाटबाट शुरु हुने उक्त मार्ग ऋषिङ, घिरिङ, स्याङ्जाको चापाकोट हुँदै गल्याङसम्म पुग्नेछ । उक्त सडकको १७० किमी छ । हाल उक्त सडकको डिपिआर गर्ने काम शुरु भएको तनहुँ क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य केदार सिग्देलले जानकारी दिए ।

हरेक निर्वाचन क्षेत्रमा त्यहाँका सांसदले छानेका सडकलाई छनोट गरी सरकारले एकैसाथ शुभारम्भ गरेको छ । निर्वाचन क्षेत्र रणनीतिक सडक निर्माणसम्बन्धी मापदण्डमा सङ्घीय राजधानीलाई जोड्ने, प्रादेशिक राजधानीलाई जोड्ने, अन्तर्राष्ट्रिय विमानस्थल/सिमानालाई जोड्ने, दुई निर्वाचन क्षेत्रका प्रमुखस्थललाई जोड्नेजस्ता विषय समावेश गरिएको छ ।

## महाधिवेशनका लागि केन्द्रीय प्रतिनिधि तोकियो

**रासस**
**काठमाडौं, २१ चैत**

नेपाल पत्रकार महासङ्घले यही चैत २५ गते हुने महाधिवेशनलाई स्वस्थ, मर्यादित र व्यवस्थित बनाउन केन्द्रीय प्रतिनिधि खटाएको छ ।

त्यसदिन केन्द्र, प्रदेश र शाखा कार्य समितिको निर्वाचन हुने जनाइएको छ । निर्वाचनलाई सफल बनाउन आमपत्रकारलाई आग्रह गर्दै महासङ्घले केन्द्रीय प्रतिनिधि खटाएको जनाएको छ । महासङ्घका सचिव प्रकाश थापाका अनुसार प्रदेश नं १ मा उपाध्यक्ष दिलीप थापा मगरको नेतृत्वमा केन्द्रीय सदस्य उद्धव तिमिल्सिना र सटेन्द्र जवेगु केन्द्रीय प्रतिनिधि तोकिनु भएको छ ।

यस्तै प्रदेश नं २ मा सचिव शितल महतोको नेतृत्वमा केन्द्रीय सदस्यहरू सुरेश यादव र शैलेन्द्र झा, वागमती प्रदेशमा सचिव रामप्रसाद दाहालको नेतृत्वमा केन्द्रीय सदस्य टेकराज थामी र नकुल अर्याल केन्द्रीय प्रतिनिधि तोकिएका छन् ।

गण्डकी प्रदेशमा कोषाध्यक्ष राजेश मिश्रको नेतृत्वमा केन्द्रीय सदस्य नवीन कुइकेल, लुम्विनी प्रदेशमा सचिव थापाको नेतृत्वमा केन्द्रीय सदस्य पुरुषोत्तम सुवेदी केन्द्रीय प्रतिनिधिका रुपमा जिम्मेवारी सम्हाल्नेछन् । कर्णाली प्रदेशमा सचिव लक्ष्मी पुनको नेतृत्वमा केन्द्रीय सदस्य हरिहर सिंह राठौर र पूर्णप्रसाद चम्लागाई, सुदूरपश्चिम प्रदेशमा सचिव रेम विश्वकर्माको नेतृत्वमा मीन वम र श्याम भट्ट तथा उपत्यका प्रदेशमा उपाध्यक्ष दिलीप थापा मगरको नेतृत्वमा सदस्य छेटु शेर्पा र गोपाल वराइलीलाई केन्द्रीय प्रतिनिधि तोकिएको छ ।

त्यस्तै, प्रतिष्ठान र एशोसिएट प्रदेशमा थापाकै नेतृत्वमा केन्द्रीय सदस्यहरू टिकाराम प्रधान, जानुका वराल र राजेश चाम्लिङलाई जिम्मा दिइएको छ ।

## बागलुङ कालिका मन्दिर परिसरमा आगलागी: मन्दिर जोखिममा

**पोखरापत्र संवाददाता**
**बागलुङ, २१ चैत**

प्रसिद्ध बागलुङ कालिका मन्दिर परिसरमा रहेको जङ्गलमा आगलागी भएको छ ।

काठेखोला छेउमा रहेको फोहर व्यवस्थानस्थलदेखि आज शुरु भएको आगो मन्दिरको जङ्गल परिसरमा प्रवेश गरेको हो । आगो नियन्त्रणका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको समूहले प्रयास गरिरहेको भए पनि नियन्त्रणमा लिन नसकिएको प्रहरी नायब उपरीक्षक इकवाल हवारीले बताए ।

आगलागीका कारण मन्दिरको पश्चिम पट्टिस्थित जङ्गलमा ठूलो क्षति पुगेको छ । मन्दिर परिसर नजिकै आगो आइपुगेकाले मन्दिर जोखिममा रहेको उनको भनाइ छ । जङ्गलमा कुहिएका काठ, रुखका पात र झार बढी भएकाले नियन्त्रणमा कठिनाइ भैरहेको बताइएको छ ।

## आसिस लामा नायक हुदा एपिएफ आहा रारा गोल्ड कपको सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ चैत**



आसिस लामा नायक हुँदा शसस्त्र प्रहरी वलको एपिएफ क्लव १९ औं संस्करणको आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रबेस गरेको छ । पोखरा रंगशालामा शनिबार भएको उद्‌घाटन खेलमा एपिएफले आसिस लामाको निर्णायक एक गोलको मद्धतले आयोजक सहारा क्लवलाई १–० को गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रबेश गरेको हो ।

एपिएफको जितमा म्यान अफ दी म्याच घोषित आसिस लामाले खेलको ८७ औं मिनेटमा गरेको गोल नै निर्णायक बन्न पुग्यो । प्रदिप लामाले निकालेको क्रस वललाई आसिसले करिब १८ यार्ड नजिकबाट बललाई पोष्टमा दिशा दिएका थिए । विभागिय टोली एपिएफको दबाबमा परेको सहारा क्लवले एक जना विदेशी खेलाडी एड्मा डुम्बीया डिडिलाई मैदानमा उतारे पनि पाएका केही अवसर सदुपयोग गर्न नसक्दा यसपाली क्वाटरफाइनलबाटै यात्रा टुङ्गाउनु पऱ्यो । सहाराका प्रशिक्षक बिष्णु गुरुङले खेलाडीहरु घाइते भएको हुदा र आफुहरु आक्रामक खेल खेल्न नसकेको हुदा पराजित हुनु परेको बताए । उनले आफ्नो रणनिती अनुसार खेल नहुदा हार व्यहोर्नु परेको बताए । एपिएफका प्रशिक्षक सुदिप श्रेष्ठले आफ्नो योजना परिवर्तन गरेसंगै खेलको अन्तिम समयमा नतिजा आफुनो पोल्टामा पार्न सफल भएको बताए । सहाराको एक जना अग्लो कदको विदेशी खेलाडी हुँदा आफ्ना खेलाडीहरुको मनोवल केही कमजोर भएको हुदा पनि जित निकाल्न समय लागेको उनले जनाए ।

आइतबार मछिन्द्र क्लव र अफ्रिकन रुट एशोसियसन, डाउला क्यामरुन बिच दोश्रो क्वाटरफाइन खेल हुने भएको क्लवले जनाएको छ । यही चैत २८ गतेसम्म संचालन हुने उत्त प्रतियोगिताको उद्‌घाटन गर्दै राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव रमेशकुमार शिलवालले पोखरा रंगशालामा अब २० हजार दर्शक क्षमताको फुटवल प्यारापिट सहित रातिको समयमा समेत फुटवल खेल्न मिल्ने गरी फ्लट लाइट जडान गर्ने बताए । नेपालमा हाल २० वटा भन्दा बढी फुटवल प्रतियोगिताहरु संचालन भएकोले अब ५ वटा फुटवल प्रतियोगिता गोल्ड कपको रुपमा विकास र विस्तार गर्नुपर्ने उनले जनाए । राखेप सदस्य राजेश कुमार गुरुङले आगामी बर्ष पोखरा सहित गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलको लागि पौडी पोखरी, सुटिङ सहितको भौतिक पूर्वाधार निर्माण गर्नु पर्ने बताए । हिमश्री फुड्स प्रा.लि.का निर्देशक प्रकाश केसीले आहा रारा गोल्ड कपलाई आवश्यक सहयोग निरन्तर गर्ने बताए । कोरोनाबाट बच्न र बचाउन आवश्यक स्वास्थ्य मापदण्ड पालना गराउदै उक्त प्रतियोतियोगता संचालन गरिएको सहारा क्लवका अध्यक्ष केशव बहादुर थापाले बताए । उत्तः अवसरमा क्लवले राष्ट्रिय फुटवल खेलाडी अभिसेक रिजाललाई सम्मान गरेको छ । क्लवले सम्मानपत्रको साथमा नगद ३५ हजारले सम्मान गरेको हो । प्रतियोगिताको विजेता टोलीले उपाधि सहित १० लाख १ हजार साथमा मेडल प्रमाण पत्र प्राप्त गर्ने भएको कार्यक्रम संयोजक हरिराम गुरुङले बताए । उपबिजेता हुने टोलीले ट्रफीको साथमा ५ लाख १ हजार रुपैया साथमा मेडल प्रमाण पत्र प्राप्त गर्ने भएको छ । गत वर्षको विजेता मनाङ्ग मर्यास्याङ्गदी क्लब हो भने उपविजेता नेपाल पुलिस क्लब रहेको थियो ।

उक्त अवसरमा पोखराको संगम क्लवले सहारा क्लवलाई नगद ३० हजार आर्थिक सहयोग गरेको छ भने गुडविल स्पोटर्सका संचालक मदन केसीले क्लवलाई खेल सामाग्रि सहयोग हस्तान्तरण गरेको महासचिव रामजी प्रसाद अधिकारीले बताए । उक्त अवसरमा उद्योगपती , हिमश्री फुटड्स प्रा.लि.का तत्कालिन अध्यक्ष सुर्य बहादुर केसीको स्मृतिमा उनको तष्विरमा माल्यारोमण गर्दै स्मरण समेत गरिएको थियो ।



# रेडियो अन्नपूर्णको रक्तदान कार्यक्रममा २४३ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ चैत**

रेडियो अन्नपूर्णको १९ औं वृहत रक्तदान कार्यक्रममा २४३ युनिट रगत संकलन भएको छ। शनिबार रेडियोकै प्राङ्गणमा आयोजना गरिएको रक्तदान कार्यक्रममा १९९ जना पुरुष र ४४ जनामहिलाले रक्तदान गरे । यस्तै नयाँ रक्तदाताको संख्या७६ रहेको छ। नेत्रहीन संघ कास्कीका १५ जना दृष्टिविहिनले समेत रक्तदान गरेकाछन्।



रक्तदान कार्यक्रमको उद्घाटन गर्दै जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख जिल्ला अधिकारी (सिडीओ) थानेश्वर गौतमले रेडियोले रक्तदान कार्यक्रम गरेर सामाजिक उत्तरदायित्व बहन गरेको बताए। समाजमा भए गरेका विकृति विसंगतीलाई चिर्दै सही सचुना प्रसारण देखि समाजमाभएका समस्याका समाधानका लागि रेडियो अन्नपूर्णले महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले बताए। सहभागी सम्पूर्ण रक्तदातालाई धन्यवाददिँदै गौतमले रक्तदान जस्ता कार्यक्रमलाई आफुहरुले सामाजिक दुरी कायमगर्दै आयोजना गर्न दिएको जानकारी गराए। कोरोना महामारीका बेला बढी भीडभाड नगर्न उनको अनुरोध छ । गण्डकीप्रदेश खेलकुद परिषदका सदस्य सचिव तेज गुरुङले सामाजिक परिवर्तनको अभियानमा विगत २० वर्षदेखि रेडियो अन्नपूर्ण अनवरत रुपले लागिरहेको बताए । मदेशमा सितलहर आउँदा, सेतीमा बाढी आउँदा र पहाडमा पहिरोले पुर्रिँदापीडित परिवारका राहतका लागि रेडियोले उल्लेखनिय भूमिका खेलेको उनले बताए । रेडियो अन्नपूर्ण रक्तदान कार्यक्रमलाई उनले एक उत्सवका रुपमा व्याख्या गरेकाछन् । पोखरा उद्योग बाणिज्य संघका महासचिव सुरेन्द्रमान बिजुक्छेले रेडियोले वर्षेनी आयोजना गर्दै आएको रक्तदान कार्यक्रमले धेरै नयाँ रक्तदाता जन्माएको उल्लेख गरे। हरेक क्षेत्रमा सक्रिय भूमिका निभाई आफुलाई एक सफल संचार माध्यमका रुपमा परिचित गराउन सफल रेडियोको आफु समेत ठूलो प्रशंसक रहेको उनले बताए। रेडियोका अध्यक्ष विश्व शंकर पालिखेले विगत १९ वर्षदेखि रेडियोले रक्तदान कार्यक्रमलाई निरन्तरतादिँदै आएको जानकारी गराए। उनले सबैको साथ सहयोगले नै रक्तदानकार्यक्रमहालसम्मनिरन्तर आयोजनागर्दै आएको बताए।भविष्यमा समेत यसको निरन्तरताको अपेक्षाउनले गरेकाछन् । प्राइम सहकारी संस्थाका अध्यक्ष निर्देशक कोइरालाले रेडियो अन्नपूर्णसँग समन्वय गरी रक्तदान कार्यक्रमको आयोजना गर्न पाउँदा खुशी लागेको बताए। आगामी दिनमा समेत रेडियोसँगै सहकार्य गरेर अन्य कार्यक्रमको आयोजनागर्ने प्रतिबद्धता उनको छ। नेपाल इन्स्योरेन्स प्रोफेशनल सोसाइटीका अध्यक्ष कविराज पौडेलले रेडियोसँगको पहिलो सहकार्य सफल रुपमा सम्पन्न भएको बताए । उनले आफुले सोचे भन्दापनि राम्रो सहभागिता भएको प्रतिखुशी व्यक्त गरे । नेलेम्बो नेपालका अध्यक्षयज्ञ प्रसाद देवकोटाले रक्तदान कार्यक्रममा स्वास्थ्य समाग्री सहयोग गर्न पाउँदा खुशी लागेको बताए । सहभागी रक्तदातालाई धन्यवाददिँदै देवकोटाले आगामी समयमा पनि रेडियोसँगै सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे । रेडियोका स्टेशन म्यानेजर संजयकुमार मल्लले रेडियो अन्नपूर्ण सँधै समाजसँगै साथमा रहेको दाबी गरे । समाजमा भएका हरेक गतिविधिहरुका विषयमा जानकारी गराउने उद्देश्य स्वरुप रेडियो लागिपरेको उनको भनाई थियो । आगामी समयमा पनि सम्पूर्ण स्रोताको माया, सदभावले नै रेडियोले आफ्ना कार्यक्रमलाई परिमार्जित गर्दै जाने उनले प्रतिबद्धता व्यक्त गरे। १९ औं वृहत रक्तदान कार्यक्रमका संयोजक रेडियो अन्नपूर्णकर्मी दीननाथ बरालले रक्तदान कार्यक्रम सफल रुपमा सम्पन्नगर्न सहयोग गर्ने सम्पूर्ण संघसंस्था तथा व्यक्तिहरुलाई धन्यवाद दिए । कार्यक्रममा रक्तसंचार केन्द्र रामघाटका प्रमुख अर्जुन ज्ञवालीले कोरोना महामारीका समयमा पनि व्यवस्थित ढंगले कार्यक्रमको आयोजना गरेको प्रति रेडियोलाई धन्यवाद दिए। उनले यस्तो विषम् परिस्थितिमा भएको उल्लेखिय सहभागिताको कदर गर्दै स्वस्थ व्यक्तिले रक्तदान गर्नुपर्ने तर्फ जोड दिए। रेडियो अन्नपूर्णको १९ औं रक्तदान कार्यक्रम सफलपार्न प्राइम सहकारी संस्थालि. पोखरा र नेपाल इन्स्यारेन्स प्रोफेशनल सोसाइटी (निप्स) पोखरा च्याप्टरले सहकार्य गरेको छ । यस्तै विशेष सहयोगीमा सपना आयूर्वेद प्रालि, लायन्स क्लव अफ पोखरा गण्डकी दोभान (पोखरा), पोखरा इन्टरनेट प्रा.लि, लायन्स क्लव अफ पोखरा सेन्टिनियलपोखरा, एरोलाइटएएसी ब्लक, एक्टिभ इन्स्टीच्यूट अफ इन्फरमेसन टेक्नोलोजी चिप्लेढुङ्गा, बाजेको माछा महल शान्ति नगरचोक, व्याम्बो क्याटरीङ्ग सर्भिस ड्यामसाइड, कास्की नेत्रहीन संघ रहेको छ।

प्रायोजन तर्फ डावर नेपालप्रालिले जुस, आर.एल.पीअण्डा सप्लार्यसका संचालक राजु पौडेलले अण्डा, पोखरा फ्रुट सेन्टर काठमाण्डौंका संचालक अमर बानीयाले फलफूल, नेलम्वो नेपालपोखरा ४ गैह्रापाटनले मास्क सेनीटाइजर, न्यू राष्ट्रियता छापाखाना भिमसेन टोल पोखराले प्रमाणपत्र छपाई, पेनगुइन मिनरल वाटर पोखरा २५ हेम्जाले पानी, तालवाराही फार्मेसी र परिचित मेडिकल गैह्रापाटन पोखराले मेडिकल सामग्री, गण्डकीधौलागिरी पेट्रोलियम डिलर एशोसियसन र कृषि विकास बैंकका महेश पौडेल साथ रहेको थियो रहेकाछन्।

# पानीको समस्याले होम स्टे संचालनमा कठिनाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ चैत**

पोखरा महानगरपालिकाको सिमानामा रहेको रामकोट सामुदायिक होम स्टेको सम्भावना धेरै भएपनि खानेपानीको समस्याको कारण कठिनाई देखिएको संचालकले वताउँने गरेका छन्।



स्याङ्जा जिल्लाको फेदिखोला गाउँ पालिका वडा नं. १, रामकोटमा २०७४ सालदेखि नानी फुपु होमस्टे संचालन गर्दै आउनु भएकी खरीकुमारी गुरुङले होमस्टेको प्रचारप्रसार संगै पाहुनाहरु आउने क्रम वढ्न थालेको भएतापनि पानीको समस्याको कारण धेरै होम स्टे संचालामा कठिनाई भइरहेको वताईन । सोही वडाको जनप्रतिनिधि समेत रहनु भएकी उहाँले वसाईसराईको कारण उजाड हुन लागेको गाउँ घरबास कार्यक्रम संचालन पछि राम्रो हुन लागे पनि पानीको समस्याले घरवासको भविष्य नभएको जस्तो लाग्ने वताईन् । पोखराको पृथ्वीचोक बाट शिद्धार्थ हाइवेको कुभिण्डे सम्म १४ किमि र त्यहाँबाट जम्मा २ किमि पिच बाटोको दुरीमा रहेको रामकोटमा घरबास कार्यक्रम संचालन गर्न सकिन्छ भनेर अभियानको रुपमा लाग्नु भएका रामकोट सामुदायिक होमस्टेका संस्थापक अध्यक्ष अबिलास गुरुङ पनि खरी कुमारी गुरुङको कुरामा सहमत छन्।

तर कुनै पनि काम नभएको भने होइन भन्दै उनले गण्डकी प्रदेश सरकार आर्थिक सहयोगमा गाउँ पर्यटन प्रबर्द्धन मञ्च (भिटोफ) गण्डकीले होम स्टे संचालकहरुलाई तालिम प्रदान गर्नुको साथै पुर्वाधार विकासका कार्य गरिरहेको छ भने रामकोट, मट्टिखानको कालिकाकोट र नुवाकोटको भैरव थानलाई जोडेर साईकल रुटको विकासको लागि गृहकार्य भइरहको वताए।

उनले पोखराको नजिकै रहेको दृश्यबलोकनको लागि अत्यन्तै उपयुक्त रामकोटबाट पोखरा वजार, अन्नपुर्ण हिम श्रृङ्खला, स्याङ्जाको फेदीखोला वजार, आरुखर्कको दरबार, नुवाकोटको काला भैरब थान तथा दरबार देख्न सकिने र रामकोट नजिकै रहेका साल्मे डाँडामा निर्माणाधिन गोर्खा स्मारकका कारण पनि रामकोटको भविष्य उज्जल रहेको वताए। त्यसै गरी साइला-साइली होम स्टेकी संचालक धना गुरुङले शुक्रबार र शनिबार पाहुना धेरै आउने हुनाले होमस्टे वस्न जाने पाहुनाले पहिलै जानकारी लिएर मात्र आउनु पर्ने वताउँनु भयो। उनले होमस्टे संचालन पछि गाउँमै रोजगारीको सृजना हुनुको साथै उत्पादित वस्तुले वजार पाएको पनि वताईन। अचेल पोखरामा रहेका धेरै संघसंस्थाहरुले आफ्ना नियमित बैठक, साधारण सभा, अधिवेशन तथा भ्रमण होमस्टहरुमा गर्दै आएको पाइन्छ । शनिबार बृहत फेदिखोला पोखरा सम्पर्क समाजले आफ्नो संस्थाको नियमित बैठक रामकोट होमस्टे मै राखेको थियो।

पहिलो पटक होम स्टे पुगेका पोखराको लेकसाईडमा होटल व्यवसाय गर्दै आएका पर्यटन व्यवसायी घनश्याम अधिकारीले होम स्टे संचालकको आतिथ्यता र वरपरको वातावरणले आफु आकर्षित भएको वताउँदै रामकोटमा होम स्टे सम्भावना प्रचुर रहेकोले मार्केटिङ र प्रचारप्रसारमा वढि जोड दिनु पर्ने सुझाव दिएका थिए । रामकोट होम स्टेमा आउने पाहुनाले गाउँको शिरमा रहेको मनोरम दृश्यको साथै भगवती मन्दिर, राधाकृष्ण, शिव मन्दिर दर्शन गर्न सक्नुका साथै नजिकै रहेको साल्मे डाँडाको गोर्खा स्मारकको अवलोकन गर्न पाउँछन्।

# मञ्च वार्षिक योजना सहित अघि बढ्यो, एम्समा जाने बारे समेत छलफल

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ चैत**

नेपाली अग्रज खेलाडीहरुको छाता संस्था भूतपूर्व खेलाडी मञ्च नेपाल आफ्नो वार्षिक योजना सहित अगाडी बढ्ने भएको छ।



मञ्चको शनिबार पोखरामा सम्पन्न पूर्ण बैठकले आगामी १६ औं सस्करणको पोखरा म्याराथनको तयारी लगायत पोखरा म्याराथनलाई विश्वका दौडहरु छाता संस्था एम्समा दर्ता गर्ने तयारीका लागि समेत छलफल गरेको हो।

मञ्चले पोखरा म्याराथनलाई विश्वव्यापी बनाउन सन २०२४ मा दर्ता गर्न आफ्नो वेवसाइट र मोवाइल एप्सलाई सूचना प्रविधी मैत्री बनाउनेमा जोड दिइएको मञ्चका अध्यक्ष तथा गण्डकी प्रदेश खेलकूद परिषदका सदस्य सचिव तेज गुरुङले बताएका छन । बैठकमा १६ औं सस्करणको पोखरा म्याराथनलाई भव्य बनाउने सँगै पुरस्कारको राशी समेत बढाउने विषयमा छलफल भएको अध्यक्ष गुरुङले जनाकारी दिएका छन। उनले भने-"हामी १६ औं सस्करणको तयारीलाई अझै भव्य बनाउन र अन्तर्राष्ट्रिय धावकहरु समेतलाई आकर्षण बढाउन पुरस्कार राशी थप्ने विषयमा गहन गहन छलफल भएको छ ।" वैठकले पोखरा म्याराथन सँगै आयोजना हुने महिला हाफ म्याराथन, १० किमि महिला-पुरुष दौड, छात्र-छात्रा ५ किमि दौड तथा दृष्टिविहिन र ह्विल चियर महिला पुरुष दौडलाई अझै परिस्कृत र भव्य बनाउने तयारीका बारेमा समेत छलफल भएको उनले बताए । मञ्चको सम्पन्न वैठकले अध्यक्ष गुरुङलाई गण्डकी प्रदेश खेलकूद परिषदको गरिमामय पदमा नियूक्त गरेकोमा गण्डकी प्रदेश सरकारलाई आभार व्यक्त गर्दै सफल कार्यकालको लागि बधाई तथा शुभकामना व्यक्त गरेको छ।

सम्पन्न वैठकमा मञ्चका संस्थापक अध्यक्ष खड्ग रानाभाट, प्रथम उपाध्यक्ष हरि प्रसाद पराजुली, द्वितिय उपाध्यक्ष दिल बहादुर गुरुङ, महासचिब खेम गुरुङ, सचिब कृष्ण तिमिल्सिना लगायत कार्यसमितीका सदस्यहरुले मञ्चको वार्षिक योजना तर्जुमा सँगै आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। मञ्चले यहि चैत्र १४ गते पोखरा म्याराथन अन्तर्गत सम्पन्न महिला-पुरुष १० किमी दौडमा सहभागी खेलाडी, सम्पूर्ण सहयोगीहरु तथा सञ्चारकर्मीहरुलाई आभार समेत व्यक्त गरेको छ।

# पोखरा वडा नं. २१ मा विवेकशील साझा पार्टीको समिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ चैत**

विवेकशील साझा पार्टी पोखरा महानगर समितिले पोखरा महानगर पालिका वडा नं. २१ मा छबे कामीको संयोजकत्वमा १९ सदस्यीय वडा समिति गठन गरेको छ।



समितिको सहसंयोजकमा मनबहादुर सुनार रहेका छन् भने सचिवमा अर्जुन सुनार, सहसचिवमा युवराज पौडेल र कोषाध्यक्षमा महेन्द्र सुनार रहेका छन्। सदस्यहरूमा १५ जना स्थानिय युवा तथा महिलाहरू रहेका छन्। सो भेलालाई सम्बोधन गर्दै विवेकशील साझा पार्टीका केन्द्रीय सदस्य रजनी केसीले विवेकशील साझा पार्टी जिल्ला र नगरमा मात्रै होइन, गाउँ गाउँमा पुग्ने प्रतिबद्धता व्यक्त गरिन्।

कार्यक्रममा विवेकशील साझा पार्टी जिल्ला संयोजक फणिन्द्र अधिकारी, जिल्ला सहसंयोजक जयन्ती मोक्तान, पोखरा महानगर समितिकी सहसंयोजक बिपना कुँवर, स्थानीय समाजसेवी क्याप्टेन दिलबहादुर थापा, युवा नेता राम पौडेल लगायतका नेताहरुले शुभकामना तथा बधाइ सन्देश राखेका थिए। यसअघि पार्टीले गण्डकी प्रदेशका आधा दर्जनभन्दा बढी जिल्लामा समायोजन तथा बिस्तार गरेको थियो। पोखरा महानगरका बाँकी सबै वडामा समिति गठन गर्ने तयारीमा रहेको विवेकशील साझा पार्टी पोखरा महानगरका संयोजक अजय श्रेष्ठले जानकारी दिए।

## कांग्रेसले...

निकास दिने बताए । । मुलुकको प्रजातान्त्रिक आन्दोलनमा मगर जातिको ठूलो योगदान रहेको भन्दै उहाँले पछाडि परेका मगर जातिको उत्थानका लागि उनीहरूलाई राज्यको मूल प्रवाहमा ल्याउनुपर्नेमा जोड दिए। नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा उदयपुर क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य डा नारायण खड्काले अहिले देशमा राजनीतिक सङ्कट कम्युनिष्ट नेतृत्वको सरकारले ल्याएकाले अब कम्युनिष्टबाट देशको समस्या समाधान नहुने बताए । कांग्रेसका नेता भीष्मराज आङ्देम्बेले भन्नुभयो, "जब-जब देशमा राजनीतिक सङ्कट आएको छ।






**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।


**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गोरखाको बारपाक सुलिकोट पालिका स्तरीय २ दिने निशुल्क स्वास्थ्य शिविर सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ चैत**

विनासकारी महाभुकम्प गएको छैठौ वर्षको स्मृतिमा कर्मफ्लाईटस् फाउन्डेशन नेपालले बारपाक सुलिकोट गाउँपालिकाको सहकार्यमा २ दिने निशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेकोमा स्थानिय करिव ९ सय ५० जनाले स्वास्थ्य लाभ लिएका छन् ।

चैत्र १८ र १९ मा सञ्चालन गरिएको निशुल्क स्वास्थ्य शिविरमा वडा नं ३ साविकको गा.वि.स स्वाँरा र वडा नं ४ सौरपानी साविकको गा.वि.स बिरामीहरुले आफ्नै घरदैलो अगाडी स्वास्थ्य सेवा प्राप्त गरेका थिए । यो वर्षको स्वास्थ्य शिविरमा विशेष गरि स्त्री तथा प्रशुति रोग विशेषज्ञ तथा हाड जोर्नी तथा नसा रोगको विशेषज्ञ उपचार गर्नको साथै वरिष्ठ डाक्टरहरुबाट नाक कान, घाँटी रोग , सामान्य चिकित्सा जस्तै पेट, दुखाई, छाती दुखाई , तल्लो पेट दुख्ने, एलर्जी स्वास्थ्य समस्याको उपचार तथा रोग प्रतिरोधात्मक परामर्श प्रदान गरिएको कर्मफ्लाईटस् संस्थाका स्वास्थ्य संयोजक कृष्ण प्रसाद पाण्डेले बताए ।

भुकम्प पश्चात तङरिदै गएको समुदायमा गत वर्ष देखि शुरु भएको कोभिड १९ बाट सृजित समस्याले धेरै मानिसहरु विशेषत महिला वृद्धवृद्धा तथा केटाकेटीहरु उकुशमुकुशको अवस्थामा रहेको र रोग लुकाएर बस्नुपरेको बाध्यत्मके अवस्थामा शिविरको महत्व झनै रहेको र शिविरमा कोरोना भाइरस



संवन्धि सचेतना कार्यक्रम जस्तै पर्चा वितरण, हात धुने तरिका, निशुल्क मास्क वितरण तथा मास्क लगाउने तरिका लगायत फिवर क्लिनिक समेत चलाई कोभिड १९ को स्वास्थ्य प्रावधान पूर्ण रुपमा पालना गदै शिविर सञ्चालन गरिएको स्वास्थ्य शिविरका मिडिया संयोजक स्थानिय शिक्षिका सलिना गुरुङले बताइन् । भुकम्पको केन्द्र विन्दु आसपास धार्चे पहाडको काखमा रहेको स्वाँरा गाउँ संभवत गाउँपालिकाकै अति दुर्गम गाउँ हो र प्राकृतिक विपत्ति पश्चात मनोसामाजिक तथा शारिरिक अवस्था कमजोर अवस्थामा रहेका महिला बालवालिका तथा वृद्धवृद्धाहरुलाई आफ्नै दैलो अगाडी गम्भिर स्वास्थ्य सेवाका आवश्यकतालाई पुर्ति गर्न शिविरले महत्वपूर्ण भुमिका खेल्ने कुरा गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भट्टले बताए । श्री माझथर मा.वि स्वाँराको आतिथ्यतामा स्कूलकै प्राङगणमा सञ्चालित शिविरमा बारपाक सुलिकोट गाउँपालिकाका वडा नं ३ र ४ (साविक सौरपानी र स्वाँरा गा.वि.स) अन्तर्गतका करिव ९५० मानिसहरु नजिकै र २ घण्टा टाढा सम्मको गाउँहरुबाट हिडेरै आएका थिए र विशेषज्ञ डाक्टरहरुको परामर्शबाट सिफारिस गरिए अनुसार आवश्यकिय औषधी निशुल्क प्राप्त गर्दा बिरामीहरु दङ्ग देखिन्थे ।

उक्त शिविरमा करिव १८० बिरामीहरुले स्त्री तथा प्रशुति रोग विशेषज्ञ डा. सरिता गुरुङद्धारा सेवा प्राप्त गरेका थिए भने २५ जना बिरामीहरुको भिडियो एक्सरे (युएसजी) गरिएको थियो । त्यसमध्ये ८५% गुनासाहरु महिला रोग संवन्धि (तल्लो पेट दुख्ने, चिलाउने, पानी बग्ने आदि) खालका भएको रेडियोलोजिस्ट डा. आकाश श्रेष्ठले बताए । त्यस्तै करीव २०० बिरामीहरु हाड जोर्नी तथा नशा रोग संवन्धि सेवा र ५०० वेशीले सामान्य चिकित्सा संवन्धि सेवा लिएको र त्यसमध्ये २०% बिरामीहरु रेफरल गर्ने खालका भएको हाड जोर्नी तथा नशा रोग विशेषज्ञ डा. सुवास गुरुङले जानकारी दिए । फार्मेसी विभागका संयोजक उमेश चन्द्र देवकोटाले बताए अनुसार ग्याष्टिक, पेट पोल्ने, पेट दुख्ने, हाड जोर्नी दुखाई, अपच , छाला चिलाउने तथा एलर्जी तथा भिटामिन जन्य गुणस्तरीय औषधी परामर्श डेक्स व्यवस्था सहित वितरण गरिएको र बाँकी रहेका सवै औषधी एचए कृष्ण भट्ट मार्फत गाउँपालिकाको स्वास्थ्य शाखालाई हस्तान्तरण गरिएको थियो । शिविरको सफल सञ्चालनको लागि बारपाक सुलिकोट गाउँपालिकाले सम्पूर्ण बन्दावस्ती, आतिथ्य सत्कार, सुचना सम्प्रेषण र आफ्नै मातहतका स्वास्थ्य निकायका स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयसेविकाहरुलाई परिचालन गरेको थियो भने सम्पूर्ण औषधी, विशेषज्ञ डाक्टरी परामर्श र अन्य प्राविधिक व्यवस्थापन कर्मफ्लाईटस् संस्थाबाट भएको संस्थाका कार्यक्रम निर्देशक प्रेम बहादुर कुँवरले जानकारी दिए । समग्रमा ४० जनाको स्वास्थ्यकर्मी टोली र माझथर मा.वि का शिक्षक विद्यार्थीहरुको स्वयंसेवीहरु परिचालित भएको शिविर गत वर्षहरु भन्दा अझै व्यवस्थित रुपमा सञ्चानार्थ भएको र कार्यक्रम समापनको क्रममा बोल्दै वडा नं ३ का सदस्य धामी बरालले आगामी दिनमा पनि आवश्यकताको आधारमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्ने आवश्यकता भएको कुरा बताए । शिविर समापनको समारोहको क्रममा सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी स्वयसेवीहरुलाई सम्मान पत्र र खादाबाट सम्मान गरि बिदाई गरिएको शिविर बन्दोबस्ती तथा व्यवस्थापन संयोजक श्री सन्तमान गुरुङले बताए ।

# नेपाल मगर संघ रामबजार इकाई समितिको साधारणसभा तथा ५ औं अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ चैत**

नेपाल मगर संघ, महिला संघ तथा युवा संघ रामबजार इकाई समितिको १९ औं वार्षिक साधारण सभा तथा ५ औं अधिवेशन शनिबार सम्पन्न भएको छ ।

साधारण सभाको उद्घाटन सत्रमा कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि नेपाल मगर संघ कास्कीका अध्यक्ष संगीता पुनमगरले मगरहरु संगठित भएर बौद्धिक छलफलमा जोड दिनुपर्ने बताउनुभयो । समाजमा विद्यामान विकृति र विसंगतिलाई चिरेर सुसंस्कृति र सभ्य समाज निर्माणमा महिला तथा युवाको अहम भूमिका रहेको भन्दै यसका लागि शैक्षिक पाटो महत्वपूर्ण रहेकोले युवाहरुलाई विषेशगरी शैक्षिक क्षेत्रमा जोड दिन आग्रह गर्नुभयो । यसैगरी नेपाल मगर संघ केन्द्रिय समितिका पूर्व उपाध्यक्ष श्याममाया राना (पुन) मगरले समाज परिवर्तनको लागि सोंच र विचार पनि परिवर्तन गर्नुपर्ने बताउनुभयो । अव हुने राष्ट्रिय जनगणनमा मगरहरुको वास्तविक तथ्याङ्कमा सहयोग पुऱ्याउनको लागि सबै मगरहरुले आफ्नो मौलिक पहिचान झल्किने गरी परिचय खुलाउन उहाँले आग्रह गर्नुभयो । लक्ष्मीटोल रामबजारस्थित सघको आफ्नै भवनमा भएको अधिवेशनले क्या. थमन सिं थापा मगरको अध्यक्षतामा नेपाल मगर संघ रामबजार इकाई समितिको १५ सदस्यीय नया कार्यसमिति चयन गरेको छ । संघको उपाध्यक्षमा सुधा थापा मगर, सचिवमा क्या. अमर बहादुर राना मगर, सह-सचिवमा गंगाा ठाडा मगर, कोषाध्यक्षमा सु. सन्तबहादुर थापा मगरलाई निर्वाचित गरिएको छ भने सदस्यहरु सु. भिम बहादुर थापा मगर, जगत बहादुर थापा मगर, ममता थापा मगर, सिता थापा मगर, एकबहादुर थापा मगर, सोम नारायण राना मगर, शान्ती थापा मगर, बाबुराम राना मगर, बसन्त थापा



मगर र मिना मास्की मगरलाइए चयन गरिएको छ ।

यसैगरी नेपाल मगर महिला संघ रामबजार इकाई समितिको अध्यक्षमा लक्ष्मी थापा मगरलाई चयन गरिएको छ भने उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्षमा क्रमश : विष्णु थापा मगर, रेणु थापा मगर, खुवी थापा मगर र गीता आले मगर रहेका छन् । सदस्यहरुमा निरमाया थापा मगर, खेमाया थापा मगर, हरिमाया थापा मगर, तारा थापा मगर, जित कुमारी थापा मगर, मिरा थापा मगर, जमुना राना मगर, घनी थापा मगर, नर माया राना मगर, चेत कुमारी राना मगर रहेका छन् । यवा संघ रामबजारमा ओम बहादुर विरकट्टा थापा मगरको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको छ ।

जसको उपाध्यक्ष तृष्णा थापा मगर, सचिव कमल थापा मगर, सहसचिव डिलबहादुर थापा मगर, कोषाध्यक्ष शान्ती राना मगर र सदस्यहरु किश्मिता थापा मगर, गोमा कुमारी थापा मगर, बिमला थापा मगर, सिम्रन आले मगर, राजेन्द्र थापा मगर, सोम बहादुर थापा मगर, इभा राना मगर, दिपेन थापा मगर रहेका छन् । यस अघि बन्दसत्रमा नेपाल मगर रामबजार इकाई समितिका सहकोषाध्यक्ष सन्त बहादुर थापा मगर, महिला संघका कोषाध्यक्ष गीता आले मगर र युवा संघका कोषाध्यक्ष ओम बहादुर थापा मगरले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन सर्वसम्मतले पारित गरिएको थियो । साथै मूल समितिका सचिव क्या. अमर बहादुर राना मगरले संघको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । भलाई कोषको प्रतिवेदन भलाई कोष समितिका कोषाध्यक्ष सु. लोकबहादुर रानामगरले र भवन संरक्षण समितिका संयोजक ना.सु. खुमबहादुर थापा मगरले भवन संरक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यसै अबसरमा समाजका विभिन्न क्षेत्रमा योगदान दिने तथा उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरुलाई सम्मान समेत गरिएको थियो । यस वर्ष उच्च शिक्षा हासिल गर्ने समाजमा आबद्ध ३ जना, प्लस टु उत्तिर्ण २३ जना विद्यार्थीहरुलाई सम्मान पत्र र मायाको चिनो प्रदान गरिएको थियो भने १४ जना बद्धाबुद्धालाई सम्मान पत्र र दोसल्ला ओडाएर सम्मान गरिएको थियो । यसैगरी यस वर्ष समाजमा ५० हाजर भन्दा बढी रकम सहयोग गर्ने सहयोग दाताहरु टोप बहादुर थापा मगर, क्या. थमन सिं थापा मगर, सु. ज्ञानन्द्र थापा मगर र चाम बहादुर थापा मगरलाई पनि सम्मान गरिएको थियो ।

संघका अध्यक्ष ढाल बहादुर मास्की मगरको अध्यक्षतामा भएको साधारण सभाको उद्घाटन सत्रमा महिला संघका अध्यक्ष दान कुमारी थापा मगरले स्वागत मन्तव्य राख्नभएको थियो भने कार्यक्रमको सञ्चालन सचिव क्या. अमर बहादुर राना मगरले गर्नुभएको थियो ।

# पोखरेल नेतृत्वको उम्मेदवार घोषणा

**रासस**
**काठमाडौं, २१ चैत**

नेपाल पत्रकार महासङ्घको २६औँ महाधिवेशनका लागि नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल, प्रेस सङ्गठन नेपाललगायत पत्रकारहरूको संस्थाले आज संयुक्तरूपमा उम्मेदवार घोषणासभाको आयोजना गरेका छन् । शनिबार यहाँ आयोजित कार्यक्रममा विपुल पोखरेल नेतृत्वको महासङ्घ केन्द्रीय समितिको लोकतान्त्रिक, व्यावसायिक, श्रमजीवी पत्रकारको संयुक्त प्यानल घोषणा गरिएको हो । घोषित उम्मेदवारहरूमा अध्यक्षमा पोखरेल, वरिष्ठ उपाध्यक्षमा रमेश विष्ट, उपाध्यक्ष महिलामा बाला अधिकारी, समावेशी उपाध्यक्षमा उदय जिएम, महासचिवमा रोशन पुरी हुनुहुन्छ । यस्तै खुला सचिवमा गोविन्दप्रसाद चौलागाईं, महिला सचिव सुजना अर्याल, आदिवासी जनजाती सचिव नारायणसुन्दर किलम्बू, मधेशी सचिव दीपेन्द्र चौहान, दलित सचिवमा हेमकर्ण विक, एसशोसिएट सचिव पवन आचार्य, कोषाध्यक्षमा कलेन्द्र सेजुवाल र लेखा समिति संयोजकमा लेखनाथ न्यौपाने हुनुहुन्छ ।

यस्तै खुला सदस्यमा छवि तिवारी, नारायणप्रसाद पङ्गेनी, वासुदेव शर्मा, माधव पौडेल, रमेश खतिवडा र शिवराज खत्री हुनुहुन्छ । महिला सदस्य (खस आर्य)मा सरिता तिम्सिना, महिला सदस्य (मधेशी)मा ललिताकुमारी साह, आदिवासी जनजाति महिला सदस्यमा शान्ता आङबुहाङ, दलित महिला सदस्यमा सरिता बराइली हुनुहुन्छ । यस्तै आदिवासी जनजाति सदस्यमा भीसन राई र आदिवासी जनजाति (महिला) मा सन्चकुमारी लामा तामाङ, दलित सदस्य प्रकाश धौलाकोटी र दलित महिला सदस्यमा राधा नेपाली उम्मेदवार हुनुहुन्छ । मधेशी सदस्यमा सुभाषप्रसाद साह र मधेशी महिला सदस्यमा रिङ्कुकुमारी मिश्र, सदस्य (अपाङ्गता) मा नवीन रिजाल र अल्पसङ्ख्यकमा इफ्तार हसन, लेखा समिति सदस्य खुलामा मुकुन्दप्रसाद भण्डारी र लेखा समिति सदस्य (महिला)मा देवी सापकोटा हुनुहुन्छ ।

सदस्यमा प्रदेश नं १ मा अमर खड्का र श्यामकृष्ण दाहाल, प्रदेश नं २ मा अनिल मिश्र र शिव पुरी, वाग्मती प्रदेशमा ध्रुव रावल र सुनिल खड्का गण्डकी प्रदेशमा प्रदीप काफ्ले र त्रिभुवन पौडेल, लुम्बिनी प्रदेशमा भवानीप्रसाद पाण्डे र सुशील पोखरेल, कर्णाली प्रदेशमा दीपेन्द्र शर्मा र भीमबहादुर सिंह, सुदूरपश्चिम प्रदेशमा उत्तरसिंह विष्ट र भरतबहादुर शाह उम्मेदवार हुनुहुन्छ । यस्तै उपत्यका प्रदेशमा शान्तराम बिडारी र ज्ञानप्रसाद पौडेल, प्रतिष्ठान प्रदेशमा गजेन्द्रराज ओझा र रामकृष्ण अधिकारी, एशोसिएट प्रदेशमा ओमबन्धु कार्की र विकास कार्की उम्मेदवार हुनुहुन्छ । कार्यक्रममा नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देल, प्रेस सङ्गठन नेपालका अध्यक्ष महेश्वर दाहाल, प्रेस चौतारी नेपालका उपाध्यक्ष विश्वमणि सुवेदी, प्रगतिशील पत्रकार सङ्घका अध्यक्ष उदय जिएम र क्रान्तिकारी पत्रकार महासङ्घका कार्यवाहक अध्यक्ष नारायण पङ्गेनीले व्यावसायिक पत्रकारहरूको गठबन्धनलाई विजयी बनाउन सबै पक्षले प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो । महासङ्घको महाविधेशन यही चैत २५ गते हुनेछ ।

# क्यान्सरपीडितको उपचारका लागि सहयोग

**पोखरापत्र संवाददाता**
**दमौली, २१ चैत**

व्यास साङ्गीतिक समूहले क्यान्सरपीडित तनहुँको व्यास नगरपालिका-४ निवासी विकास दरैको उपचारका लागि रु दुई लाखभन्दा बढी रकम सहयोग गरेको छ ।

समूहले दमौली, डुम्रे, आँबुखैरेनीमा साङ्गीतिक कार्यक्रम गरेर सङ्कलन गरेको रु दुई लाख २८ हजार १५५ पीडितको उपचारका लागि सहयोग गरेको हो ।

उक्त रकम समूहका अध्यक्ष मोहनराज आलेले पीडितका बुबा हस्तबहादुर दरैलाई हस्तान्तरण गर्नुभएको छ ।

क्यान्सरपीडित दरैको उपचारका लागि व्यास-३ घर भई हाल अमेरिका बस्नुहुने उत्तम भट्टराईले रु १० हजार, नारायण पौडेलले रु पाँच हजार, ब्ल्याक स्ट्रोक रेस्टुरेण्टले रु तीन हजार १००, गोरखकाली बोर्डिङ स्कूलले रु २५ हजार, बाराही आवासीय माध्यमिक विद्यालयले रु २१ हजार ९०० सहयोग गरेको युवा अभियानकर्मी सुमन श्रेष्ठले जानकारी दिनुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना

जन्मः
वि. स. २०२२ श्रावण २२ गते



स्वर्गारोहणः
वि.स. २०७७ चैत ०८ गते

**स्व. देउता कुमारी गुरुङ**

पर्वत जिल्ला साविकको चित्रे गा.वि.स. वडा नं. ९ तथा मोदी गाउँपालिका वडा नं. ८ चित्रे काफल स्वारा घर भई हाल पो.म.न.पा. वडा नं. १० रामबजार निवासी यस 4th गोर्खा राईफल्स् भू.पू. सैनिक संघ पोखराका साधारण सदस्य सु. राम बहादुर गुरुङको धर्मपत्नी अति मिलनसार सक्रिय क्रियासिल सदस्य **देउता कुमारी गुरुङ** को ५५ वर्षको अल्पायू उमेरमा भएको अकल्पनीय असामयिक दुःखद निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको १५ औं दिनको पुण्यतिथिमा पितृकार्य (पैय) को अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सुखवती भुवनमा प्रवेश पाउन भन्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**ले. चित्र प्रसाद बराल**
**सचिव**

**सु. राम प्रसाद गुरुङ**
**अध्यक्ष**

**तथा**

**सम्पूर्ण 4th गोर्खा राईफल्स भू.पू. सैनिक संघ पोखरा**



## निःशुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर **(BMTC)** बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम **(STSE)** परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र व्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **निःशुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० वर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७।१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तालिमका विषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आवेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८०३२२४८८९ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata EUROPEAN UNION BRITISH COUNCIL